# दक्षिणकाली नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल


प.सं. : २०७९/०८०
च.नं. : ४४५

मिति : २०७९/०६/०४

# हार्दिक शुभकामना

दक्षिणकाली नगर भित्र मनाइने विभिन्न जात्राहरु मध्येको प्रमुख जात्राको रुपमा रहेको हरिशंकर जात्रा अत्यन्त ऐतिहासिक जात्रा हो । काठमाडौंमा मनाइने इन्द्र जात्राका दिनबाट सुरु भएर १५ दिनसम्म यो हरिशंकर जात्रा मनाइन्छ । आश्विन कृष्णपक्ष एकादशी अर्थात् इन्दिरा एकादशीका दिन मूल जात्रा हुन्छ । रातको समयमा मनाइने जात्रामा देवदेवीका ७ वटा खट (नीलबाराही, इन्द्रायणी, शेषनारायण, महालक्ष्मी, गोपालेश्वर, बालकुमारी र दक्षिणकालीका) हुन्छन् । साथै प्रत्येक खटमा हरि र शंकरको अर्ध रुप पनि राखिन्छ । गोपालेश्वर मन्दिरबाट सुरु हुने यस जात्रा भगवान श्रीकृष्णका नाति अनिरुद्र र असुर नरेश बाणासुरकी छोरी उषामैयाँको प्रेमकथामा आधारित रहेको छ । काठमाडौं उपत्यकाको नेवार समुदायमा जीवनमा एक पटक हरिशंकर जात्रामा सामेल हुनुपर्छ भन्ने मान्यता रहेको यस ऐतिहासिक हरिशंकर जात्रा यहि मिति २०७९ असोज ५ गते बुधबारका दिनको पावन अवसरमा सम्पूर्ण नगरवासीमा सु-स्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

यस हरिशंकर जात्राले दक्षिणकाली नगर क्षेत्रका विविध सांस्कृतिक पहिचान बोकेका समुदायबीच आपसी सद्भाव, सहिष्णुता र ऐक्यबद्धताको भावना अभिवृद्धि गर्दै यस नगर क्षेत्र भित्रका बासिन्दाको आपसी एकतालाई थप सुदृढ बनाउनुका साथै सांस्कृतिक पहिचान जर्गेनामा समेत महत्त्वपूर्ण भूमिका खेल्दछ भन्ने विश्वास लिंदै यस ऐतिहासिक हरिशंकर जात्राको पूर्ण सफलताको कामना गर्दछु ।

..................
(मोहन बस्नेत)
नगर प्रमुख